# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ७

मितिः- २०८१।०८।०७ गते शुक्रवार

बैठक प्रारम्भः- दिउसो ३:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरू गरियो।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्ति बहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ्ग | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सदस्य-सचिव | श्री जय नारायण खनाल | |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ७

मिति-२०८१।०८।०७ गते शुक्रवार

बैठक प्रारम्भ- दिउसो ३:०० बजे

**प्रस्तावहरु:**

१ अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२ शिक्षक दरबन्दी मिलान संशोधन सम्बन्धमा।
३ विद्यालयलाई सि.सि क्यामेरा उपलब्ध गराउने सम्बन्धमा।
४ विद्यालयलाई स्वास्थ्य सामग्री उपलब्ध गराउने सम्बन्धमा।
५ वोयर वाख्रा फर्मलाई लिजमा (भाडामा) लगाउने सम्बन्धमा।
६ संगठन तथा व्यवस्थापन सर्वेक्षण सिफारिस समिति निर्माण सम्बन्धमा।
७ निर्मित कानुनको व्यवस्थापन र परिमार्जन सम्बन्धी छलफल सम्बन्धमा।
८ फोहोरामैला व्यवस्थापन सम्बन्धमा।
९ वर्गीकरणमा छुट भएका जग्गाहरूको वर्गीकरण कायम सम्बन्धमा।
१० स्थायी शिक्षकहरूको सरुवा सहमति का लागि सेवाअवधि सम्बन्धमा।
११ एम्बुलेन्स खरिद सम्बन्धमा।
१२ विभिन्न आर्थिक सहायता सम्बन्धमा।
१३ विविध।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ७

मिति-२०८१।०८।०७ गते शुक्रवार बैठक प्रारम्भ- दिउसो ३:०० बजे

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८१ कार्तिक ०५ गते भएका का.पा. बैठक निर्णय संख्याः ६(छ) लाई अनुमोदन गर्दै निर्णय कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरूलाई प्रभावकारी कार्यान्वयनमा जोड दिने निर्णय गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल मिति २०८१।०२।०५ को कार्यपालिका बैठकको निर्णय बमोजिम श्री शारदा आधारभूत विद्यालयमा कार्यरत प्रा. वि. राहत शिक्षक टिका कार्कीलाई श्री त्रिदेवी आ.वि. मयम र श्री त्रिदेवी आ.वि., मयममा कार्यरत प्रा. वि. राहत शिक्षक सुकुमाया शेर्पालाई सिहेंश्वरी आ.वि., ताङलेवा दरबन्दी मिलान गर्ने निर्णय भएतापनि हाल श्री शारदा आ.वि ओखरबोटेमा कार्यरत प्राथमिक तहका शिक्षक घनश्याम डाँगीले राजीनामा दिएको हुँदा उक्त रिक्त दरबन्दी सोझै श्री सिहेँश्वरी आ.वि., ताङ्लेवामा समायोजन गर्ने र शिक्षक टिका कार्की र शिक्षक सुकुमाया शेर्पाको दरबन्दी यथावत् कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस आ.व.को वार्षिक स्वीकृत बजेट शिक्षा शाखा तर्फ विद्यालयमा सि. सि. क्यामेरा जडान गर्न विनियोजन भएकोमा श्री सरस्वती मा.वि., हिटिटोल मार्फत माग निवेदन प्राप्त भएको हुँदा रु एक लाख बराबरको सि. सि. क्यामेरा विद्यालयमा जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं. ६ स्थित श्री सरस्वती मा.वि., हिटिटोलमा विद्यालय नर्सको व्यवस्था रहेको र उक्त विद्यालयमा केही स्वास्थ्य सामग्री आवश्यक परेको भनि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित माग भएकोमा माग गरे बमोजिम स्वास्थ्य शाखा मार्फत उपलब्ध हुन सक्ने सामग्रीहरू उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं. १० मा रहेको दोयर बाख्रा फर्ममा इच्छुक व्यवसायीहरूलाई विभिन्न पशुपन्छि पालन गर्न राजस्व परामर्श समितिले भाडा निर्धारण गर्दै सूचना आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ बमोजिम निम्नअनुसार सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | प्र.प्र.अ., जय नारायण खनाल | संयोजक |
| २ | शिक्षा शाखा प्रमुख, कमल गौतम | सदस्य |
| ३ | स्वास्थ्य शाखा प्रमुख, योगेश श्रेष्ठ | सदस्य |
| ४ | क.अ., डिल्लीराम खत्री | सदस्य |
| ५ | प्रशासन शाखा प्रमुख, सुशील खड्का | सदस्य सचिव |

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ उपर छलफल गर्दा चैनपुर नगरपालिकामा हालसम्म निर्माण भएका सम्पूर्ण कानूनहरुको अध्ययन गरि आवश्यक सुझावसहित विद्यायन समितिलाई अर्को कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- ७

मिति-२०८१।०८।०७ गते शुक्रवार | बैठक प्रारम्भ- दिउसो ३:०० बजे

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ उपर छलफल गर्दा

**क)** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को परिच्छेद ५ को दफा १८ मा स्थानीय तहले फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्ने व्यवस्था गरे अनुरूप चैनपुर नगरपालिका अन्तर्गत पोखरी बँजार, खराङ बजार र चैनपुर बजार क्षेत्रमा रहेका घर परिवार तथा व्यवसायीहरूको दैनिक क्रियाकलापबाट निस्किएको फोहोर व्यवस्थापन बापत यस नगरपालिकाको आर्थिक ऐन २०८१/०८२ ले निर्धारण गरेको न्यूनतम सरसफाइ शुल्क मिति २०८१ साल मङ्सिर महिनादेखि लागू हुने गरी मासिक शुल्क नगरपालिका तथा वडा कार्यालयले अर्को व्यवस्था नहुञ्जेल सम्मको लागि नगरपालिकाले आफै उठाउने निर्णय गरियो।

**तपिसल:**

| क्र.स. | विवरण | मासिक दर | कैफियत |
|---|---|---|---|
| १ | होटल (लज भएका) | ३००/- | |
| २ | होटल (लज नभएका) | १००/- | |
| ३ | कपडा पसल | २००/- | |
| ४ | किराना/कस्मेटिक/हार्डवेयर पसल | २००/- | ठूला प्रकृतिका |
| ५ | किराना पसल साना | १००/- | |
| ६ | सैलुन | ३००/- | |
| ७ | ग्यारेज | ३००/- | |
| ८ | उद्योग तथा कलकारखान | ५००/- | |
| ९ | जल उत्पादन कम्पनी | ५००/- | |
| १० | सरकारी कार्यालय | ३००/- | |
| ११ | पक्की घर प्रति फ्ल्याट | १००/- | |
| १२ | सामान्य कच्चि घर | १००/- | |
| १३ | हस्पिटल जन्य फोहोर | ५००/- | |
| १४ | क्लिनिक/फार्मेसी | ५००/- | |
| १५ | मासु पसल | १००/- | |
| १६ | बैङ्क वित्तीय संस्था/लुघुवित्त | ३००/- | |
| १७ | सरकारी/निजी विद्यालयहरू | १००/- | |
| १८ | निजी क्षेत्रका अस्पतालहरू | २०००/- | |
| १९ | अन्य | १००/- | |

**ख)** चैनपुर बजार र खराङ बजार क्षेत्रबाट प्रत्येक महिनाको मंगलवार /मंगलवार फोहोर उठाउँदै आएको र पोखरी बजारमा शनिवार/शनिवार उठाउँदै आएकोमा आगामी महिनादेखि कुहिने र नकुहिने फोहोर छुट्याई फरक/फरक राख्न लगाई देहाय अनुसारको अधिकतम अंकमा नबढ्ने गरी कुनै पनि दर्तावाल संघ/संस्था क्लब/टोल विकास

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- ७

मिति-२०८१।०८।०७ गते शुक्रवार बैठक प्रारम्भ- दिउसो ३:०० बजे

संस्था वा कम्पनीहरू बीच १५ दिने सूचना दिई खुल्ला प्रतिस्पर्धा द्वारा तीन वर्षे सम्झौता गरी फोहोरमैला व्यवस्थापन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विवरण | हप्ताको २ दिनको अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | चैनपुर बजार, खराङ बजार र पोखरी बजार क्षेत्रको **कुहिने र नकुहिने** फोहोर प्रत्येक हप्ताको दुई दिन बिहान ७ बजे देखी बेलुकी ५ बजेसम्म उठाउने | १५,०००/- | |

ग) सार्वजनिक स्थानमा गत वर्ष राखिएका डसविनहरु अपर्याप्त भएकोले ५० वटा डसविन खरिद गर्ने निर्णय गरियो।

घ) फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन केही अन्तर नगरपालिकाको व्यवस्थापनलाई पनि अध्ययन गर्नु पर्ने भएकोले अनुकूल समय मिलाएर कन्काई नगरपालिका, झापा अध्ययन भ्रमण टोली पठाउने निर्णय गरियो।

ङ) चैनपुर नगरपालिका भित्रका बजारहरु सरसफाई प्रयोजनार्थ चैनपुर बजारमा २, खराङ बजारमा १ र पोखरी बजारमा १ जना कुचिकार/सरसफाईकर्मी राख्ने निर्णय गरियो।

**निर्णय नं. ९.** प्रस्ताव नं. ९ उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं ७ बाट प्राप्त भू उपयोग वर्गीकरण परिवर्तनका लागि तपसिल विवरण बमोजिम सिफारिस भएका जग्गाहरूको वर्गीकरण छुट भएकोले छुट कायम संशोधन स्वीकृत गरी सिफारिस गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.स | जग्गाधनीको नाम | ठेगाना | कि. नं. | हाल वर्गीकरणमा रहेको | कायम हुनु पर्ने जग्गाको वर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राधिका शर्मा(त्रिताल) | चैनपुर-७ | १४२६ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ५ |
| २ | भरतनाथ गिरी | चैनपुर-७ | १२४९ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ५ |
| | | चैनपुर-७ | १४६० | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ५ |
| | | चैनपुर-७ | १४६६ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ५ |
| | | चैनपुर-७ | १५०० | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ५ |
| | | चैनपुर- | १९८९ | वर्गीकरणमा छुट | आवासीय | साबिक चैनपुर गा.वि.स |

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा
### आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- ७

मिति-२०८१।०८।०७ गते शुक्रवार

बैठक प्रारम्भ- दिउसो ३:०० बजे

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ७ | | भएको | क्षेत्र | वडा नं. ६ |
| | | चैनपुर-७ | १९९० | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ६ |
| ३ | **मान कुमारी गिरी** | चैनपुर-७ | १७४७ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ६ |
| | | चैनपुर-७ | १७५० | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ६ |
| | | चैनपुर-७ | २०१४ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ६ |
| | | चैनपुर-७ | २०१५ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ६ |
| | | चैनपुर-७ | १४८ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ३ |
| | | चैनपुर-७ | १४९ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ३ |
| | | चैनपुर-७ | १७६ | वर्गीकरणमा छुट भएको | आवासीय क्षेत्र | साबिक चैनपुर गा.वि.स वडा नं. ३ |

**निर्णय नं. १०.** प्रस्ताव नं. १० उपर छलफल गर्दा चैनपुर नगरपालिका अन्तर्गत विद्यालयका स्थायी शिक्षकहरुलाई परीक्षणकाल सहित २ वर्ष नपुगी सरुवा सहमति सिफारिस प्रदान नगर्ने निर्णय गरियो।

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं ६ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको लागि सञ्चालन तथा व्यवस्थापन समितिबाट माग भए बमोजिम एम्बुलेन्स सञ्चालन गरिने निर्णय गरियो। सोका लागि राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका २०७८ बमोजिम 'ख' वर्गको एम्बुलेन्स सञ्चालन खरिदका लागि जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति, प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति र राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समितिमा राजस्व छुटका लागि सिफारिस प्रक्रिया अघि बढाइने निर्णय गरियो।

**निर्णय नं. १२.** प्रस्ताव नं. १२ मा विभिन्न संघसंस्थाद्वारा कार्यपालिकामा प्राप्त सहायता माग सम्बन्धी निवेदन उपर छलफल गर्दा देहाय बमोजिमको निर्णय गरियो।

| क्र. सं. | संघ/संस्था | सहायता रकम/जिन्सी | प्रयोजन | कैफियत |
|---|---|---|---|---|
| १ | हिमचुली स्पोर्टिङ्ग यूथ क्लब | रु.५०,०००/- | सिद्धकाली मेलामा वडा स्तरीय खुल्ला पुरुष भलिबल/फुटबल प्रतियोगिता | पौषको हिउँदे अधिवेशन बाट बजेट संशोधन गरेर सम्बोधन गर्ने |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- ७

मिति-२०८१।०८।०७ गते शुक्रवार

बैठक प्रारम्भ- दिउसो ३:०० बजे

| | | | | |
|---|---|---|---|---|
| | | | सञ्चालन | |
| २ | मिल्के जन उत्थान मञ्च | रु.५०,०००/- | नुनढाकी ऐतिहासिक तथा धार्मिक वाला मेला सञ्चालन गर्न | |
| ३ | श्री शारदा मा.वि. पोखरी | रु.५०,०००/- | पुरानो भवन भत्काउन | |
| ४ | इलाका प्रहरी कार्यालय | ड्राईभर्सन एङ्गल | जिरोप्वाइन्टको चारै स्थानमा | |
| ५ | इलाका प्रहरी कार्यालय | पाइप र जस्तापाता | पार्किङ्ग ग्यारेज | |
| ६ | बालज्योति आधारभूत विद्यालय, कोक्सा | एक सेट कम्प्युटर डेस्कटप | अघिल्लो का.पा. को निर्णयमा सिपियु मात्र उपलब्ध गराउने भनिएकोमा यस बैठकबाट अनुमोदन गरिएको | हस्तान्तरण भइ सकेको |

**निर्णय नं. १३.** प्रस्ताव नं. १३ को विविध विषय उपर छलफल गर्दा निम्नअनुसारको निर्णय गरियो ।

क) चैनपुर आधारभूत अस्पतालको नयाँ भवनको तल्लो पट्टी रहेको रिटेनिङ्ग वाल र माथिल्लो पट्टिको रिटेनिङ्ग वालको काम सम्बन्धित निर्माण व्यवसायीलाई काम सम्पन्न गर्न निर्देशन दिइने निर्णय गरियो ।

ख) चैनपुर आधारभूत अस्पताल जाने बाटोमा सोलिङ्ग गर्ने कार्य(२०० मिटर) सम्पन्न भएकाले १५ शैयाको अस्पताल भवन निर्माण शीर्षकमा परिमाण थप गरि भुक्तानी दिइने निर्णय गरियो ।

ग) चैनपुर आधारभूत अस्पताल प्रसुति गृह पेटी मर्मतका लागि प्राविधिक इस्टिमेट अनुसार आउँदो हिउँदे अधिवेशन स्रोत सु निश्चितता गरि भुक्तानी दिने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक १७:३० बजे यही अन्त्य गरियो।